## परमेश्वरको वचन अरूलाई बताउनुः

ख्रीष्टियन सेवकाईमा प्रत्येक अगुवाले परमेश्वरको वचन बाँड्छ। तपाईं एक शिक्षकको रूपमा सयौँ वा हजारौँ मानिसको अगाडि वचन बाँड्नुहुन्छ। तपाईं सानो झुण्डमा वा घरेलु बाइबल झुण्डमा त्यो बाँड्नुहुन्छ। तपाईं आफ्नो दलमा वचन बाँड्न सक्नुहुन्छ। तर यदि तपाईं ख्रीष्टियन सेवकाईमा एक अगुवा हुनुहुन्छ भने तपाईंको अगि धेरै पटक यस्तो समय आउनेछ जब तपाईं परमेश्वरको वचन अरूलाई बाँड्नुहुन्छ, अनि तपाईंले तिनीहरूलाई सिकाउनुभएको परमेश्वरको वचनलाई उहाँले तिनीहरूलाई खड़ा गर्न, तिनीहरूलाई सुसज्जित पार्न, तिनीहरूलाई चुनौती दिन, तिनीहरूका जीवन परिवर्तन गर्न प्रयोग गर्नुहुनेछ। अगुवाहरूको रूपमा हामीले परमेश्वरको वचनको भूमिकाको पहिलो स्थान हुन्छ भनी बुझ्नुपर्छ। बाइबलले **२ तिमोथी ३:१६** मा आफ्नै बारेमा बताएको छ। यो पदले यसो भन्छ:

परमेश्वरले आफ्नो वचनमा कुन कुराले सेवकहरूलाई पूर्ण रूपले सुसज्जित पार्दछ भनी स्पष्ट बताउनुभएको छ। एक अगुवाको रूपमा तपाईंको काम उहाँको वचन ल्याउनु हो, तिनीहरूलाई उहाँको वचन दिनु हो। त्यसैले खम्बाहरू पाठ्यक्रमको यस कक्षामा हामी त्यो वचन कसरी बाँड्न सकिन्छ भन्ने विषयमा चर्चा गर्नेछौं। सन्दर्भ वा परिस्थिति चाहे जस्तो सुकै होस्, आइतबार बिहान मण्डलीको संगतिको, सानो झुण्ड बाइबल अध्ययनको, अगुवाहरूको दलसँग गरिने कक्षाको बाइबल सन्देशमा हामीले कसरी मानिसहरूकहाँ प्रभावकारी ढंगमा परमेश्वरको वचन ल्याउनुपर्छ? म तपाईंलाई केही कुराहरू बताउनेछु, तपाईंले मानिसहरूलाई शिक्षा दिने तयारीमा यी कुराहरू गर्ने कोसिस गर्नुपर्छ। यो काम तपाईंले एउटा उद्देश्यसहित सुरु गर्नुपर्छ।

तपाईं किन तिनीहरूलाई परमेश्वरको वचन दिँदै हुनुहुन्छ? त्यो वचनद्वारा परमेश्वरले तिनीहरूमा कुन कार्य गर्नुहुनेछ भनी विश्वास गर्नुहुन्छ? तपाईंले परमेश्वरबाट र प्रार्थनाद्वारा एउटा प्रकाश प्राप्त गर्नुपर्छ। मैले तपाईंकहाँ यो वचन ल्याउनुको कारण यो हो कि म परिवर्तन देख्न चाहन्छु। परमेश्वरले केही गर्नुभएको म देख्न चाहन्छु। हामीले वचन बाँड्दा प्रायः परमेश्वरले चारवटा कार्य गर्नुहुन्छ। वचनले प्रेरणा दिन सक्छ, जहाँ मानिसहरू प्रेरित हुन्छन् तिनीहरू विश्वास र आशाले भरिन्छन्। वचनले चुनौती दिन्छन्, जहाँ मानिसहरूले "म परिवर्तन हुनु आवश्यक छ" भनी बुझ्छन्।

वचनले प्रकट गर्न सक्छ। तपाईं साँच्चै परमेश्वरको बारेमा धेरै कुराहरू थाहा पाउनुहुन्छ, जुन कुरा पहिलेबाट तपाईंलाई थाहा हुँदैन।

अनि वचन अति व्यावहारिक हुन सक्छ, जसले तपाईंलाई कसरी निर्णय लिने वा के गर्ने भन्ने विषयमा निर्देशन दिन्छ। वचनले प्रेरणा दिन सक्छ, चुनौती दिन सक्छ, प्रकट गर्न सक्छ, र यो व्यावहारिक हुन सक्छ। जब तपाईं परमेश्वरको वचन बाँड्नुहुन्छ ती चारै कुरा त्यहाँ हुन्छन्। तर तपाईंले कुनचाहिंको धेरै महत्त्व छ त्यसलाई स्वीकार गर्नुपर्छ। यस्तो क्षणमा कुन कुरा धेरै महत्त्वको छ, "म तिनीहरूसित नभएको सत्यता प्रकट गर्न चाहन्छु।" होइन, यस क्षणमा, सबैभन्दा धेरै महत्त्व "म तिनीहरूले के गर्नुपर्छ भन्ने सम्बन्धमा तिनीहरूलाई व्यावहारिक निर्देशन दिन चाहन्छु" भन्ने कुराको हुन्छ।

ती चारैवटा कुरा त्यहाँ हुन्छन्। तर परमेश्वरको वचन बाँड्ने वा शिक्षा दिने तयारी गर्नुभन्दा अघि परमेश्वरले त्यो वचन किन तपाईंको हृदयमा राख्नुभएको छ र त्यसद्वारा परमेश्वरले के गर्नुभएको तपाईं देख्न चाहनुहुन्छ त्यो जान्नुपर्छ, किनकि त्यो नै अन्तिम उद्देश्य बन्दछ। यसरी तपाईं चारवटा लक्ष्य बुझेर, तर सबैभन्दा महत्त्वपूर्ण कुन छ भनी बुझेर उद्देश्य निश्चित गर्नुहुन्छ। अनि, तपाईंले शिक्षा दिने तयारी गर्नुहुँदा, अनि तपाईंले त्यो शिक्षा किन दिँदै हुनुहुन्छ सो जान्नुहुन्छ, तब शिक्षा दिने ढाँचा हुनु उपयोगी हुन्छ, जसलाई म रूपरेखा भन्छु, त्यो म तपाईंलाई दिनेछु। अनि धेरै पटक त्यो रूपरेखा यति सरल हुन सक्छ जुन सजिलै कण्ठ गर्न सकिन्छ। यदि तपाईं बीउ छर्नेको दृष्टान्तबाट शिक्षा दिँदै हुनुहुन्छ भने त्यहाँ चार किसिमका जमिन छन्।

प्रत्येक प्रकारको जमिन त्यो रूपरेखाको भाग हो। तपाईंलाई त्यो वर्णन गर्ने र विशेष जोड़ दिने नोट्सहरू चाहिँदैन। तपाईं त्यो रूपरेखा जान्नुहुन्छ। तपाईंसित अरू कुराका निम्ति नोट्स हुनुपर्छ, तर तपाईंले रूपरेखा बनाउनुभएको छ। यदि तपाईंले असल सामरीको दृष्टान्तबाट शिक्षा दिँदै हुनुहुन्छ भने तपाईं प्रश्नहरूलाई तपाईंको रूपरेखाको रूपमा प्रयोग गर्न सक्नुहुन्छ। त्यो सामरीले कसलाई देख्यो? समस्या के थियो? उसले कसरी सहायता गऱ्यो? अनि ती प्रश्नहरूले तपाईंले दिन लाग्नुभएको शिक्षाको रूपरेखा बनाउँछ। रूपरेखा त्यत्ति धेरै महत्त्वपूर्ण हुनुको कारण यो हो कि यसमा चारवटा बुँदाहरू मात्र नभएर यसले बहाउ सृष्टि गर्दछ। त्यसमा सुरु र अन्त्य हुन्छ, अनि तपाईं आफूले बुझेको रूपरेखाको ठूलो बहाउबाट सुरु गरिरहनुभएको हुन्छ। म जान्दछु, परमेश्वरले मलाई किन यो वचनको शिक्षा दिनु भनिरहनुभएको छ, अनि त्यो वचन बाँड्न मैले कुन रूपरेखा प्रयोग गर्नुपर्छ त्यो म जान्दछु। धेरै पटक त्यस्तो रूपरेखा धर्मशास्त्र बाइबलबाट नै प्राप्त हुन सक्छ, अनि तपाईंले परमेश्वरको वचन बाँड्दा यसले तपाईंलाई सहायता गर्न सक्छ।

तपाईंले एक पटक उद्देश्य बुझे गरेपछि र धर्मशास्त्र बाइबलमा आधारित रूपरेखा बनाउनुभएपछि अबचाहिँ तपाईंले विशेष विषयलाई खोतल्न सक्नुहुन्छ।

म वास्तवमा तिनीहरूलाई के सिकाउन चाहन्छु? म तिनीहरूलाई कुन विषय सिकाउन चाहन्छु? अनि जब तपाईं विषयवस्तुको बारेमा विचार गर्नुहुन्छ, यो याद राख्नुहोस्, चाहे त्यो विषय जे नै भए पनि त्यो नयाँ हुँदैन, तर त्यसमा नयाँ जानकारी हुन्छ, नयाँ प्रकाश हुन्छ जुन महत्त्वपूर्ण हुन्छ। जब तपाईं विषयवस्तुको बारेमा सोच्नुहुन्छ, तब जीवनमा अप्नाउनुपर्ने कुरा पनि याद गर्नुहोस्, यो सत्यता बुझेर तिनीहरूले के गर्नुपर्छ? यो सत्यता आफै जस्तो विषयवस्तुमा पनि महत्त्वपूर्ण हुन्छ। म तपाईंलाई यसको एउटा उदाहरण दिन्छु। जब तपाईं वचन बाँड्न लाग्नुहुन्छ, मानिलिऔं तपाईं दलसँग मिलेर काम गर्दैहुनुहुन्छ, र तपाईं तिनीहरूका विश्वास निर्माण गर्न चाहनुहुन्छ, वा तपाईं आफ्नो मण्डलीमा भएका मानिसहरूको विश्वास निर्माण गर्न चाहनुहुन्छ, यसैकारण तपाईं **यूहन्ना २०** अध्याय खोल्नुहुन्छ। **यूहन्ना २०** अध्यायमा येशू पुनरुत्थान हुनुभएको कथा छ, अनि त्यहाँ तीन जना व्यक्ति छन् – मरियम, यूहन्ना र थोमा।

अनि ती तीनै जनाले हामीलाई शंकाको तस्बीर दिँदछ।

मरियम चिहानमा जान्छिन्, तर चिहान रित्तो भए पनि तिनले येशू पुनरुत्थान हुनुभएको छ भनी आशा गर्दिनन्। तिनी भन्छिन्, "तपाईंहरूले उहाँलाई कहाँ राख्नुभएको छ?" तिनले आफूले मालीसँग कुराकानी गरिरहेकी छिन् भन्ने सोचिन्। यूहन्ना दगुरेर चिहानमा आउँछ, तर तिनी भित्र पस्दैनन्। तिनी हिच्किचाउँछन्, अनि पत्रुस कुदेर चिहानभित्र पसेपछि मात्र तिनी भित्र पस्छन्।

थोमा पहिलो भेलामा उपस्थित थिएनन्, र तिनी भन्छन्, "जब म देख्छु, जब म उहाँको शरीर छुन्छु, जब स्वाभाविक परिस्थिति हुन्छ, तब म विश्वास गर्नेछु।" अनि **यूहन्ना २०** अध्यायमा तपाईं तीन जना व्यक्तिको तस्बीर (वर्णन) पाउनुहुन्छ, तिनीहरू सबैमा एक प्रकारको शंका थियो। त्यहाँ एक जना व्यक्ति थियो जसमा कुनै आशा थिएन, एक व्यक्ति जसमा कुनै हिच्किचाहट थिएन, अनि त्यहाँ थोमा छन् जसले स्वाभाविक परिस्थिति देख्न चाहन्थे।

मैले जे भन्दैछु, के तपाईं बुझ्नुहुन्छ? विषयवस्तुले तपाईंका श्रोताहरूसँग जोड्दछ, किनकि तपाईंका श्रोतामा सबै जनाले कहिलेकहीं परमेश्वरले काम गर्न सक्नुहुन्छ भनी सोचेका हुँदैनन्। कहिलेकहीं तिनीहरू परमेश्वरले गर्नू भन्नुभएको कार्य गर्न हिच्किचाउँछन्। कहिलेकहीं तिनीहरू भन्छन्, "स्वाभाविक परिस्थितिहरूले त्यहाँ पुर्‍याए भने मात्र।" अनि तपाईं रूपरेखा, उद्देश्यमा आधारित भएर मात्र होइन तर यहाँ के हुँदैछ भनी कुरा बुझेर तिनीहरूलाई शिक्षा दिने रूपरेखा तयार गर्नुहुन्छ। त्यो विषयवस्तु निर्माण गर्न सबैभन्दा पहिले तपाईंले कुनै सहायता नलिई त्यो खण्ड पढ्नुपर्छ। बाइबल टिप्पणीहरू वा अरू प्रवचनहरू हेर्दै तयारी सुरु नगर्नुहोस्। यदि परमेश्वरले उहाँको वचन बाँड्न तपाईंलाई चुन्नुभएको छ भने तपाईंले आफ्नै व्यक्तिगत अध्ययनबाट सुरु गर्नुहोस्। त्यो खण्ड पूरै पढ्नुहोस्। त्यो राम्ररी अध्ययन गर्नुहोस्। परमेश्वरबाट जानकारी प्राप्त गर्नुहोस्। तपाईंले एक पटक त्यो जानकारी प्राप्त गरेपछि त्यसबारे प्रश्नहरू गर्नुहोस्, तपाईंले एक प्रकारको रूपरेखा तयार गर्नुभएको हुन्छ, अनि तपाईं हरतरहले अरू ठाउँमा गएर त्यस विषयमा बोल्न सक्नुहुन्छ, बाइबल टिप्पणीहरू वा अध्ययनहरू त्यसमा थप्न सकिन्छ। तर मलाई लाग्छ, जब तपाईं परमेश्वरको वचन बाँड्न जाँदा तपाईंले पवित्र आत्माले तपाईंलाई दिनुभएको जानकारी (ज्ञान) को सट्टा अरू कसैले के भनेका कुराबाट सुरु गर्नुहुन्छ भने यो धेरै खतरनाक हुन्छ।

अनि जब तपाईं त्यसो गर्नुहुन्छ, तब विषवस्तु चुन्दा त्यो तपाईंका श्रोताहरूका निम्ति सान्दर्भिक छ भनी निश्चित गर्नुपर्छ। तिनीहरूका निम्ति यसको कस्तो महत्त्व हुन्छ?

यसरी **यूहन्ना २०** अध्यायमा तपाईं मरियम, यूहन्ना र थोमालाई हेर्न सक्नुहुन्छ, र यो धेरै सान्दर्भिक भएको तपाईं पाउनुहुन्छ।

मरियमले कुनै कुराको आशा गरेकी थिइनन्, किनकि तिनी एक महिला थिइन्, अनि महिलाहरूलाई कुनै मुद्दामा साक्षी बन्ने अनुमति थिएन। त्यहाँ पहिचानको समस्या थियो, अनि तिनी समाजद्वारा हेलित थिइन्, त्यसैले त्यस्तो हुन्छ भनी आशा गर्न सक्ने तिनी को पो थिइन् र! येशूले उहाँको पुनरुत्थानको विषयमा एक वर्षदेखि शिक्षा दिइरहनुभएको भए पनि तिनले त्यस कुराको आशा गरिनन्। अनि तपाईंका श्रोताहरू माझ धेरै यस्ता मानिसहरू हुन्छन्, जसले आफूलाई अयोग्य ठान्छन् र तिनीहरू येशूबाट कुनै कुराको आशा राख्दैनन्, अनि यो सन्देश र तपाईंका श्रोताहरूको सन्दर्भ एउटै छ।

यूहन्नालाई हेरौं, तिनी हिच्किचाए।

मलाई लाग्छ, कतै निराशा कै कारण तिनले त्यसो गरेका हुन् कि! तिनले त्यो नजानेर निराश हुन सक्थे, अनि यूहन्नाले पर्खन्छन्, तिनको निम्ति पत्रुस चिहानभित्र पस्न पर्ने हुन्छ, अनि त्यहाँ प्रासंगिकता छ, तपाईंका श्रोताहरू माझ यस्ता मानिसहरू हुन सक्छन्, जो परमेश्वरमा विश्वास गर्दा निराश हुन पर्ला भनी डराउँछन्, अनि तिनीहरूका छेउछाउमा यस्ता व्यक्तिहरूको आवश्यकता हुन्छ, जसले तिनीहरूलाई त्यस्तो स्थितिबाट अगाड़ि बढ़ाउँछन्।

थोमा, तिनको सम्पूर्ण जीवन एक प्रेरित हुनुमा आधारित थियो, तर प्रेरितको पुस्तकले भनेकोबाट हामी जान्दछौं एक प्रेरित हुनका निम्ति कुन कुरा आवश्यक हुन्छ। तपाईं पुनरुत्थान हुनुभएका येशूको साथमा रहेको हुनुपर्छ, अनि थोमा भन्छन्, "म तिमीहरूले भनेका कुरामा विश्वास गर्न सक्दिनँ। म आफैले उहाँलाई देख्नुपर्छ।" तिनको निम्ति स्वाभाविक परिस्थिति हुनु अति नै आवश्यक थियो। अनि तपाईंका श्रोताहरू माझ यस्ता मानिसहरू हुन्छन् जसले भन्छन्, "जब म

स्वाभाविक परिस्थितिहरू बदलेको देख्छु, तब म विश्वास गर्नेछु।" यसरी तपाईं आफ्ना श्रोताहरूका निम्ति पनि त्यसमा सान्दर्भिकता पाउनुहुन्छ, त्यसपछि येशूले मरियम, यूहन्ना र थोमालाई दिनुभएका उत्तरहरू तपाईं देख्नुहुन्छ।

मरियमका निम्ति जब यो विश्वासको पहिचानको मुद्दा बन्छ तब येशू देखापर्नुहुन्छ। मरियमले येशूलाई किन अंगाल्न चाहन्थिन् त्यो तपाईं बुझ्न सक्नुहुन्छ, अनि तपाईं आफ्ना श्रोताहरूसँग त्यस्तो सम्बन्ध बनाउनुहोस्। येशू आफैलाई प्रकट गर्न चाहनुहुन्छ। यूहन्नालाई हेर्दा, तिनी र पत्रुस चिहानभित्र गए अनि वचनले भन्छ तिनीहरूले छानबिन गरे, तिनीहरूले अध्ययन गरे, तिनीहरूले सूती कपड़ाहरू हेरे र ती कस्ता थिए त्यो देखे। मानिसहरू आफ्नो विश्वासमा त्यसबेला बढ्छन् जब तिनीहरू परमेश्वरको वचन अध्ययन र त्यसको छानबिन गर्छन्।

थोमा आए, अनि जब तिनी आए तब येशू तिनको सामुन्ने आउनुभयो, थोमाले यति मात्र भन्न सके, "मेरा प्रभु, मेरा परमेश्वर।" अनि सबै बाइबल विद्वानहरू तिनले साँच्चै येशूलाई छोएनन् भन्ने कुरामा सहमत छन्। तिनले उहाँलाई छुनु आवश्यक परेन। तिनले आफ्ना सर्तहरू छाड़े यसैले **यूहन्ना २०** अध्यायमा तपाईं एक उदाहरणको रूपमा यो कुरा पाउनुहुन्छ। यदि तपाईं वचन बाँड़न लाग्नुभएको छ भने तपाईंमा एउटा उद्देश्य हुनुपर्छ। म के गर्ने कोसिस गर्दैछु? **यूहन्ना २०** अध्यायबाट तपाईं श्रोताहरूलाई विश्वासको अझ उच्च स्तरमा बढ्न प्रेरित गर्न सक्नुहुन्छ। तपाईं एउटा रूपरेखा बनाउन चाहनुहुन्छ। मसँग तीन जना पात्र (व्यक्ति) हरू छन्, जुन शंकाका तीन विभिन्न ठाउँहरूसँग मेल खान्छ। तपाईं तिनीहरूसँग त्यो मिल्दोजुल्दो पार्न चाहनुहुन्छ, र तिनीहरूसँग जोड्न चाहनुहुन्छ। अनि जब तपाईं परमेश्वरको वचन बाँड्दा कथाहरू भन्नुहुन्छ, सायद दृष्टान्तहरू भन्नुहुन्छ, तब तिनीहरू कै जीवनसित मिल्दोजुल्दो, तपाईंका श्रोताहरूले आफैलाई देख्ने कथाहरू भन्नुहोस्। कहिलेकहीं म शिक्षकहरूले शिक्षा दिएका सुन्छु, अनि तिनीहरूले मदर टेरिजाको जस्तो कथा भन्ने गर्छन्।

हामीमध्ये कोही पनि मदर टेरिजाको कथासँग मिल्दोजुल्दो हुन सक्दैनौं। हामीले आफ्ना श्रोताहरूलाई त्यस्ता कथाहरू भन्नुपर्छ, जसमा तिनीहरूले आफैलाई पाउँछन् र जसद्वारा तिनीहरू परमेश्वरको वचनसँग जोड़िन सक्छन्। यसैले तपाईंले उद्देश्य बनाउनुहोस्। कुन कुराको सबैभन्दा बढ़ी महत्त्व हुन्छ। यूहन्ना २० अध्यायमा पाइने तीन व्यक्तिद्वारा तपाईं रूपरेखा बनाउनुहोस्। त्यसपछि विषयवस्तु अध्ययन गर्नुहोस्, अनि तिनीहरू कुन स्थितिमा छन् त्यो बुझ्नुहोस् सन्देशलाई सान्दर्भिक बनाउनुहोस्। तपाईंले सन्देशको बहाउका निम्ति साँच्चै काम गर्नुपर्छ। तपाईंसँग २० मिनेट हुन सक्छ, तपाईंसँग एक घण्टा हुन सक्छ, तर बहाउ कस्तो छ? धेरै पटक म के पाउँछु भने, विशेष गरी जवान (नयाँ) शिक्षकहरूमा तिनीहरूसित एउटा शिक्षा नभएर तीनवटा छोटाछोटा सन्देशहरू छन् जस्तो लाग्छ।

त्यो कुन सत्य हो जसको एउटा उद्देश्य छ, जुन तपाईं प्राप्त गर्न चाहनुहुन्छ, र जुन तिनीहरूले पनि प्राप्त गर्नेछन्? अनि कहिलेकहीं हामी धेरै सन्देशहरू तयार गर्छौं र ती सबै एकसाथ राख्छौं। त्यत्ति गरेर ढुक्क नहुनुहोस्। परमेश्वरबाट तपाईं प्रकाश पाउन खोज्नुहोस्। त्यसमा समय लिनुहोस्। तपाईं केवल सत्यता बताइरहनुभएको हुँदैन।

त्यो सन्देश तपाईंभित्र जिउँछ।

यो तपाईंभित्र रहन्छ। अनि तपाईं यसलाई आफ्नो हृदयको गहिराइबाट अरूलाई बताउनुहुन्छ। त्यसपछि, अवश्य पनि, सबैभन्दा महत्त्वपूर्ण कुरा के हो भने, तपाईंले उद्देश्य पहिचान गर्नुभएको हुन्छ, तपाईंले रूपरेखा तयार गर्नुभएको छ, तपाईंले विषयवस्तुको अध्ययन गर्नुभएको छ र त्यसलाई सान्दर्भिक बनाउनुभएको छ, तपाईंलाई त्यसको बहाउ कस्तो छ भन्ने थाहा हुन्छ। अब तपाईंले त्यो प्रस्तुत गर्नुपर्छ।

तपाईंले तिनीहरूको अगाड़ि खड़ा हुनुपर्छ वा तिनीहरूसँगै बस्नुपर्छ र तपाईंले त्यो प्रस्तुत गर्नुपर्छ। महत्त्वपूर्ण कुरा के हो भने जब तपाईं त्यो प्रस्तुत गर्नुहुन्छ, तपाईं श्रोताहरूप्रति सचेत हुनुपर्छ र तिनीहरूलाई ध्यान दिनुपर्छ।

किनकि पहिलो कुरा, त्यहाँ एउटा शत्रु हुन्छ जसले तिनीहरूलाई ध्यान भंग गर्नेछ। मानिसहरू कहिलेकहीं त्यत्ति राम्रा श्रोता हुँदैनन्। तपाईंले ती सन्देशहरू प्रस्तुत गर्ने तरिकाहरू छन्, जब तपाईंलाई ती सन्देशहरू मैले सोचे जस्तो राम्रा भएका छैनन् जस्तो लाग्छ, तब तपाईं प्रश्नसहित फेरि ध्यान लाउन गर्न सक्नुहुन्छ।

तपाईं समीक्षा गर्न (सन्देश दोऱ्याएर हेर्न) सक्नुहुन्छ।

तपाईं बोल्न रोकिएर उनीहरूले त्यो कसरी लागू गर्नेछन् त्यो भन्ने मौका दिन सक्नुहुन्छ।

तर सन्देश प्रस्तुत गर्नु भनेको प्रदर्शन गर्नु होइन।

बरु यो भनेको एउटा भाँड़ो (पात्र) हुनु हो।

तर जब तपाईंले श्रोताहरू गुमाइरहनुभएको हुन्छ तब तिनीहरूलाई फेरि भेला गर्नु र एकसाथ राख्नुपर्छ भनी बुझ्नुपर्छ भन्ने कुरा हो।

त्यसैले तयारीको साँच्चै महत्त्व हुन्छ।

तयारी हुनु भनेको पवित्र आत्माको अगुवाइको विरुद्धमा हुनु होइन। तयारी गर्नु भनेको सबै कुरा पवित्र आत्मामा सुम्पनु हो, यसरी त्यो क्षण तपाईं धेरै लच्किलो हुन सक्नुहुन्छ, किनकि तपाईंले राम्रो तयारी गर्नुभएको हुन्छ। अब, तपाईं यस्तै तरिकाले शिक्षालाई एकसाथ मिलाउनुहुन्छ भने, म उद्देश्य जान्दछु, म रूपरेखा जान्दछु, मैले विषयवस्तु बनाएको

छु, सन्देशमा बहाउ छ, र त्यसलाई प्रस्तुत गर्न म तयार छु। यहाँ केही कुराहरू याद राख्नुपर्छ, यो तपाईंलाई सल्लाह हो। सबैभन्दा महत्त्वपूर्ण कुरा सन्देश स्पष्ट हुनुपर्छ। के यो सन्देश स्पष्ट छ?
तपाईंले प्रयोग गर्नुहुने भाषा र शब्दहरूमा ध्यान दिनुहोस्। म तपाईंलाई साँच्चै उत्साह दिन्छु, तपाईंले अरू सयौँ शिक्षकहरूबाट सयौँ पटक सुन्नुभएका वाक्यांशहरू नदोर्‍याउने कोसिस गर्नुहोस्।

ताजा, उनीहरूको कल्पनाशक्ति बढ़ाउने र रुचि थामेर राख्ने विशेष भाषा खोज्नुहोस्। त्यो भाषा अति स्पष्ट हुनुपर्छ। यदि मैले त्यस दिनपछि तपाईंको शिक्षा सुन्ने मानिसहरू मध्ये कुनै एक जनालाई सोधेँ भने, तिनीहरूले यसो भन्न सकून्, "हो, यसै विषयमा थियो।" तिनीहरूले आफ्ना नोटसहरू हेर्दै मलाई सबै विवरण दिनु पर्दैन, तर तपाईंको भाषा स्पष्ट भएकोले तिनीहरूले राम्ररी बुझेका हुन्छन्। दोस्रो कुरा, विषयवस्तुलाई सान्दर्भिक बनाउने सुनिश्चित गर्नुहोस्। यो प्रामाणिक (वास्तविक) हुनुपर्छ। तपाईंले वास्तविक विषयहरू उठाउनु पर्छ।
सुसमाचारका पुस्तकहरूमा धर्मशास्त्रको एउटा खण्ड छ, जहाँ येशूले चेलाहरूलाई बाहिर पठाउनुभयो भनी बताउँछ, अनि उहाँले तिनीहरूलाई गाउँमा पठाउनुहुँदा उहाँ भन्नुहुन्छ, "यदि तिनीहरूले तिमीहरूलाई स्वागत गरेनन् भने तिमीहरूले यसो गर्नुपर्छ।" अब, उहाँले तिनीहरूलाई सिकाइरहनुभएको छ, तर उहाँले तिनीहरूलाई सेवकाईको एउटा अति वास्तविक तस्बीर दिइरहनुभएको छ। जब तपाईं असफल बन्नुहुन्छ, तब तपाईंले के गर्नुपर्छ भन्ने कुरा यहाँ छ। यो कुरा तिनीहरू कुन ठाउँमा छन् भन्ने कुरासँग धेरै सान्दर्भिक छ, र कहिलेकहीं जब हामी परमेश्वरको वचन बाँड़िरहेका हुन्छौं, त्यस बेला हामी त्यो वचन जति सान्दर्भिक हुनुपर्छ त्यति सान्दर्भिक बनाउँदैनौं। तिनीहरूको मनमा पहिले नै रहेका प्रश्नहरू उठाउनुहोस् जुन उनीहरूका निम्ति धेरै सान्दर्भिक हुन्छन्, र त्यसपछि ती प्रश्नहरूको उत्तर दिनुहोस्। तिनीहरूको परिस्थितिको वास्तविकताको बारेमा कुरा गर्नुहोस्। **यूहन्ना २०** को खण्ड सबैको मनमा हुने शंकाको विषयमा बोल्ने एउटा उदाहरण हो। हिच्किचाहट, आशा नहुनु, स्वाभाविक परिस्थिति नहुनु, जुन कुरा सबैका लागि अत्यन्तै सान्दर्भिक हुन्छ, र जब तपाईं त्यसरी बोल्नुहुन्छ, तपाईंका श्रोताहरू तपाईंको वचन बोल्ने तरिकाबाट मोहित हुनेछन्।
अनि अन्त्यमा, इमानदारीपूर्वक, सबैभन्दा महत्त्वपूर्ण कुरा, जब तपाईं वचन बाँड़दै हुनुहुन्छ, तपाईं केवल एक शिक्षक जस्तो स्कुलमा वा पोडकास्टमा हुनुहुन्न।
तपाईंमा एउटा यस्तो शक्ति, एउटा अभिषेक छ, जुन तपाईंद्वारा बग्नु पर्छ, जसको अर्थ यो हो कि तपाईंले साँच्चै वचन बाँड्ने हो भने तपाईं त्यसका लागि परिश्रम साथ तयार हुनुपर्छ। तपाईंले प्रार्थनासहित त्यसका लागि तयारी गर्नुपर्छ, तर त्यहाँ एउटा यस्तो ठाउँ पनि छ जहाँ तपाईं परमेश्वर र परमेश्वरका आत्माले तपाईंद्वारा काम गरून् भनी भर पर्नुहुन्छ, र त्योचाहिँ नम्रता र कृतज्ञताको स्थानबाट आउँछ।
आफैलाई संसारकै सबैभन्दा महान् शिक्षकको रूपमा नहेर्नुहोस्।
आफैलाई पवित्र आत्माको एक पात्र (भाँड़ो) को रूपमा हेर्नुहोस्। हरेक पटक म शिक्षा दिनु खड़ा हुँदा यो सरल प्रार्थना गर्ने गर्छु, म भन्छु, "हे परमेश्वर, तपाईंको वचन बाँड़ने मौकाका लागि धन्यवाद!
"मसँग बोल्नुहोस् र मलाई मेरो सीप र क्षमता होइन तर तपाईं र तपाईंको भलाइ र तपाईंको अनुग्रहको बारेमा सबै कुरा सम्झाउनुहोस्।" जब तपाईं स्पष्ट हुनुहुन्छ, जब तपाईं सान्दर्भिक हुनुहुन्छ, अनि जब तपाईं परमेश्वरको शक्ति तपाईंद्वारा बगिरहेको छ भनी थाहा पाउनुहुन्छ, तब परमेश्वरले तपाईंलाई सही ठाउँमा राख्नुहुन्छ। जसरी मैले भनेँ, ख्रीष्टियन सेवकाईमा प्रत्येक अगुवाले कुनै न कुनै ठाउँमा परमेश्वरको वचन बाँड़दछ। कहिलेकहीं दलको कामसम्बन्धी सभा सुरु गर्दा पहिले आराधना गर्नु अनि त्यसपछि तिनीहरूलाई परमेश्वरको वचन बाँड़नु सबैभन्दा राम्रो तरिका हुन्छ। यसो गर्दा कामसम्बन्धी सभाको निम्ति आत्मिक वातावरण निर्माण हुन्छ। सबैले त्यो गर्नेछन्, अनि त्यहाँ कोही हुन्छन्, जसले शिक्षक बन्ने वरदान पाएका हुन्छन्, तैपनि मानिसहरूकहाँ परमेश्वरको वचन पुर्‍याउने मौका र जिम्मेवारी सबैका निम्ति छ। कहिलेकहीं यो बातचितको शैलीमा हुन्छ।
आफैलाई राम्ररी तयार गर्नुहोस्। परमेश्वरले उहाँको वचन बाँड्न तपाईंलाई प्रयोग गरून्, अनि त्यसरी परमेश्वरको वचन बाँड्दा तपाईं बोलिरहनुभएका मानिसहरूमा परमेश्वरले तपाईंद्वारा कस्तो परिवर्तन र प्रभाव उत्पन्न गर्नुहुन्छ त्यो हेर्नुहोस्।